


# आर्थिक अवसर, रोजगारी र लगानी सर्वेक्षण सारांश, २०८२

**प्रेम दर्शन सापकोटा, सृष्टि अधिकारी र तिलक पाठक**

## परिचय

विगत दशकमा स्वदेशमा अवसरको कमी र विश्वासको अभावले युवाहरू विदेशिने क्रम ह्वात्तै बढे[१] पनि ठूलो मात्रामा भित्रने विप्रेषणले राष्ट्रको अर्थतन्त्रलाई टेवा दिइरहेको थियो। नेपालको कुल गार्हस्थ्य उत्पादनको २६.५ प्रतिशत बराबर विप्रेषण आउने गरेको[२] र गत एक दशकमा विप्रेषणबाट हुने आय झण्डै ३ गुणाले बढेको छ। सन् २०१२/०१३ मा ४ खर्ब ३४ अर्ब ६० करोड रुपियाँ रहेको विप्रेषण सन् २०२२/०२३ मा १२ खर्ब २० अर्ब ६० करोड रुपियाँ पुगेको छ।[३]

यो अवस्थामा राज्यका निकाय र राजनीतिक पहुँच हुनेहरूका लागि मात्र अवसर उपलब्ध हुँदा पनि देशभित्रै नयाँ रोजगारी सिर्जना गर्ने ठोस दबाब महसुस हुन सकेको थिएन। यद्यपि, पछिल्लो समय युवा पलायनप्रति सर्वत्र चिन्ता र आक्रोश व्यक्त हुन थालेको छ। हाल पश्चिम एसियाको भूराजनीतिक तनावले वैदेशिक रोजगारी र विप्रेषणमा नयाँ जोखिम थपिदिएको छ। यसले विदेशी मुद्रा सञ्चितिमा अनिश्चितता ल्याउनुका[४] साथै ठूलो सङ्ख्यामा सम्भावित युवा फिर्तीलाई थेग्न सक्ने आन्तरिक क्षमतामाथि प्रश्न खडा गरेको छ।[५]

१ सन् २०२३ मा रोजगारीका लागि ८ लाख ८ हजार ४ सय १५ र अध्ययनका लागि १ लाख ८ हजार ५ सय ४२ गरी ९ लाख १६ हजार ९ सय ५७ जना विदेश गए। विभिन्न कारणले गर्दा बर्सेनि १६ लाख नेपालीले देश छाड्ने गरेका छन्।
Onlinekhabar. (2024, January 9). 1.6 million Nepalis left the country in 2023. Onlinekhabar English News. https://english.onlinekhabar.com/nepalis-left-the-country-2023.html

२ Adhikari, H. R., & Khatri, B. B. (2024). Remittance in Nepalese economy: Trends, contributions, and policy implications. *Patan Pragya*, *13*(1), 22–34. https://doi.org/10.3126/pragya.v13i1.71179

३ Ibid

४ World Bank (2026, April 8). *Nepal Development Update Growth Under Pressure: Navigating Domestic and Global Shocks.* Washington D.C. https://documents1.worldbank.org/curated/en/099315004072621459/pdf/IDU-5fbb7a2f-51fb-4e48-aadc-2a447660fbe1.pdf

५ Asian Development Bank (2026 April). *Asian Development Outlook The Middle East Conflict Challenges Resilience in Asia and the Pacific. Manila* https://www.adb.org/sites/default/files/publication/1135881/ado-april-2026.pdf

प्रतिनिधि सभामा बहुमत प्राप्त राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो घोषणापत्रमा ७ प्रतिशत आर्थिक वृद्धि, प्रतिव्यक्ति आय ३००० डलर पुऱ्याउने र १२ लाख नयाँ रोजगारी सिर्जना गर्ने वाचा गरेको छ। तर आर्थिक अवसरलाई केवल आम्दानी भन्दा फराकिलोरूपमा हेर्न आवश्यक छ। आधुनिक अर्थशास्त्रमा यसलाई 'अवसरको समानता' (इक्विलिटी अफ अपरचुनिटी) भनिन्छ जहाँ व्यक्तिको सफलता उसको व्यक्तिगत प्रयासमा भर पर्नुपर्छ न कि राजनीतिक पहुँचमा।[६] अचमो ग्लु र रोबिन्सन (सन् २०१६) को तर्क छ कि जबसम्म अवसरहरू पहुँचवालाहरूको हातमा मात्र सीमित रहन्छन् तबसम्म दिगो समृद्धि र प्रणालीप्रतिको भरोसा सम्भव छैन।[७]

वर्तमान नयाँ सरकारबाट आमनागरिकले आर्थिक सुधार र रोजगारीका क्षेत्रमा ठूलो अपेक्षा राखेका छन्। यसै सन्दर्भमा पूरक एशियाले गत वर्ष गण्डकी प्रदेशमा आर्थिक अवसर सर्वेक्षण[८] मार्फत लोकमत बुझ्ने प्रयास गरेको थियो। उक्त सर्वेक्षणका मुख्य विषयहरूमा सरोकारवालासँग छलफल गरेपछि पूरक एशियाले २०८२ साल वैशाखदेखि असारसम्म मधेश प्रदेश, लुम्बिनी प्रदेश र काठमाडौँ उपत्यकामा नागरिकको धारणा बुझ्न थप सर्वेक्षणहरू गरेको थियो। यो सर्वेक्षणले नागरिकको लगानी नीति, रोजगारीको वातावरण र भविष्यको आर्थिक दिशाप्रतिको दृष्टिकोणलाई गहिराइबाट विश्लेषण गरेको छ। यसले व्यावसायिक आत्मविश्वासमा बाधा पुऱ्याउने तत्त्वहरू र लगानीका आवश्यक क्षेत्रहरू केलाएको छ। अन्ततः यो प्रतिवेदनले नीति निर्माताहरूलाई केवल तथ्याङ्क मात्र नभई नागरिकको वास्तविक 'अनुभूति' र 'अपेक्षा' बुझ्न मद्दत गर्नेछ।

६ Ferreira, Francisco H. G.; Peragine, Vito (2015) : *Equality of Opportunity: Theory and Evidence,* IZA Discussion Papers, No. 8994, Institute for the Study of Labor (IZA), Bonn

७ Acemoglu, D. and Robinson, J. A (2016). *Paths to Inclusive Political Institutions.* January 19, 2016

८ Sapkota, P.D.,et al. (2025). *Economic Opportunity Survey:* Gandaki 2082. Purak Asia. https://purakasia.org/wp-content/uploads/2025/06/1-Absar-Mapan-Survey_final-for-Press.pdf

# अनुसन्धान विधि

यो अध्ययन मधेश (धनुषा, सप्तरी, रौतहट र पर्सा), लुम्बिनी (दाङ, नवलपरासी, बर्दिया र गुल्मी) र काठमाडौँ उपत्यका (काठमाडौँ, ललितपुर र भक्तपुर) गरी कुल ११ जिल्लामा गरिएको छ। र्‍यान्डम स्याम्पलिङ तरिका प्रयोग गरी मधेश र लुम्बिनी प्रदेशबाट ४/४ वटा जिल्ला छनोट गरिएको थियो भने काठमाडौँ उपत्यकाको हकमा जिल्लाको सङ्ख्या थोरै भएकाले ३ वटै जिल्ला छनोट गरिएको थियो। सन्तुलित प्रतिनिधित्वका लागि मधेश र लुम्बिनी प्रदेशका प्रत्येक जिल्लाबाट सबै भन्दा धेरै जनसङ्ख्या भएको १ गाउँपालिका र १ नगरपालिका छनोट गरिएको थियो भने काठमाडौँ उपत्यकाकाअन्तर्गतका जिल्लाबाट सबै भन्दा धेरै जनसङ्ख्या भएको नगरपालिका छनोट गरिएको थियो।

सर्वेक्षणमा मधेश प्रदेशबाट धनुषा (जनकपुर उपमहानगरपालिका र लक्ष्मिनियाँ गाउँपालिका), सप्तरी (राजविराज नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिका), रौतहट (चन्द्रपुर नगरपालिका र यमुनामाई गाउँपालिका), पर्सा (वीरगन्ज महानगरपालिका र सखुवा प्रसौनी गाउँपालिका) छनोटमा परेका थिए भने लुम्बिनी प्रदेशबाट दाङ (घोराही उपमहानगरपालिका र राप्ती गाउँपालिका), बर्दिया (बारबर्दिया नगरपालिका र बढैयाताल गाउँपालिका), गुल्मी (रेसुङ्गा नगरपालिका र सत्यवती गाउँपालिका) र नवलपरासी (बर्दघाट नगरपालिका र प्रतापपुर गाउँपालिका) छन्। त्यस्तै काठमाडौँ उपत्यकाबाट काठमाडौँ (काठमाडौँ महानगरपालिका), ललितपुर (ललितपुर महानगरपालिका) र भक्तपुर (सूर्यविनायक नगरपालिका) सर्वेक्षणका क्रममा छनोटमा परेका थिए।

सर्वेक्षणमा मधेश, लुम्बिनी प्रदेश र काठमाडौँ उपत्यकाबाट ४७५ जनाको दरले कुल १४२५ उत्तरदाता छनोट गरिए पनि लुम्बिनी प्रदेशअन्तर्गत नवलपरासी जिल्लाको प्रतापपुर गाउँपालिकाबाट १ जना थप गरी १४२६ जनामा सर्वेक्षण गरिएको थियो। शतप्रतिशत तथ्याङ्क (मधेशबाट ३३.३१, काठमाडौँबाट ३३.३१ र लुम्बिनीबाट ३३.३८ प्रतिशत) का लागि यसो गरिएको थियो। यो नमुना छनोट गर्दा 'मार्जिन अफ एरर' ४.५ प्रतिशत र 'कन्फिडेन्स लेभल' ९५ प्रतिशत छ।

२०८२ साल वैशाखदेखि असारको बीचमा तथ्याङ्क सङ्कलन गरिएको यो सर्वेक्षणका क्रममा बहुचरण छनोट विधि अपनाइएको थियो। पालिका छनोट भएपछि पहिलो चरणमा हरेक पालिकाबाट बराबर वडा छनोट गरिएका थिए भने दोस्रो चरणमा बसाइँ सराइका आधारमा वडाहरूलाई समूहमा विभाजन गरी 'सिम्पल र्‍यान्डम स्याम्पलिङ' विधिका आधारमा सर्वेक्षण टोली जाने क्षेत्र पहिचान गरिएको थियो। तेस्रो चरणमा चाहिँ सर्वेक्षण टोली जाने क्षेत्रको घर गणना गरी 'सिस्टमेटिक र्‍यान्डम स्याम्पलिङ' मार्फत सर्वेक्षण गर्ने घर छनोट गरिएको थियो। त्यसपछि सर्वेक्षकले घडीको दिशा पछ्याएर घर/परिवार छनोट गरे। गाउँपालिकाको हकमा प्रारम्भिक घर/परिवार छनोट गरिसकेपछि प्रतितेस्रो घर/परिवार र नगरपालिकाको हकमा प्रतिपाँचौँ घर/परिवार छनोट गरियो। अन्त्यमा 'किस ग्रिड' विधि प्रयोग गरी अन्तर्वार्ताका लागि चयन गरिएका घर/परिवारबाट १८ वर्ष वा त्यस भन्दा माथिका १ जना उत्तरदाता छनोट गरियो। प्रत्येक चरणमा प्रतिनिधित्व एकिन गर्न यस किसिमको विधि अपनाइएको हो।

सर्वेक्षणमा पुरुष ५०.९८ र महिला ४९.०२ प्रतिशत सहभागी थिए। सर्वेक्षणमा सबै भन्दा धेरै ४६ देखि ६० वर्ष उमेर समूहको सहभागिता थियो जुन कुल सहभागीको मात्रा २६.०१ प्रतिशत हो। त्यस्तै, ३६ देखि ४५ वर्ष उमेर समूहका २२.२३ प्रतिशत, २६ देखि ३५ वर्ष उमेर समूहका २०.२ प्रतिशत, १८ देखि २५ वर्ष उमेर समूहका १६.३४ प्रतिशत र ६१ वर्ष उमेरमाथिका १५.२२ प्रतिशत सहभागी थिए।[९]

शैक्षिक योग्यताको हिसावले सर्वेक्षणमा निरक्षर १०.७३ प्रतिशत, एसएलसी/एसइइ भन्दा कम ३५.२३ प्रतिशत, एसएलसी/एसइइ र दश जोड दुई उत्तीर्ण ३७.०४ प्रतिशत र स्नातकमाथिका १७ प्रतिशत सहभागी थिए।

सर्वेक्षणमा सहभागीमध्ये ८२.१९ प्रतिशत विवाहित थिए भने १४.८७ प्रतिशत अविवाहित थिए। त्यस्तै सम्बन्ध विच्छेद गरेका वा छुट्टिएका ०.४९ प्रतिशत र विधुर/विधवाचाहिँ २.४५ प्रतिशत थिए।

सर्वेक्षणमा सहभागीमध्ये सबै भन्दा धेरै अर्थात् २७.६ प्रतिशत पहाडी जात थिए भने त्यसपछि २५ प्रतिशत पहाडी जनजाति र १८.३ प्रतिशत तराई जात थिए। सर्वेक्षणमा सहभागीमध्ये तराई जनजातिको मात्रा १० प्रतिशत थियो भने थारू ७.४ प्रतिशत, तराई दलित ५.१ प्रतिशत, पहाडी दलित ३.९ प्रतिशत, मुस्लिम २.५ प्रतिशत र हिमाली जनजाति ०.२ प्रतिशत थिए।[१०]

---

९ नेपालमा बालिग उमेर १८ वर्ष भएकाले त्यस भन्दा कम उमेर समूहलाई सर्वेक्षणमा सहभागी गराइएको छैन भने पुस्तागत धारणा बुझ्नका लागि उमेर समूहमा फरक-फरक अन्तराल राखिएको छ।

१० जातीय समूहको विभाजनका लागि पीताम्बर शर्माको नेपाली क्यानभासका रङहरू (सन् २००८) पुस्तकलाई आधार बनाइएको छ।



नक्सा १ : सर्वेक्षणका लागि छनौट गरिएका स्थान (स्थानीय तह)

धर्मका हिसाबले सबै भन्दा धेरै ९०.५ प्रतिशत हिन्दु थिए। बौद्ध धर्म मान्नेहरू ४.७ प्रतिशत, इस्लाम २.५ प्रतिशत, इसाई १.५ प्रतिशत, किराँत ०.३ प्रतिशत, प्रकृति ०.१ प्रतिशत र नास्तिक ०.२ प्रतिशत थिए भने ०.२ प्रतिशतले भन्न चाहन्न भन्ने जवाफ दिए।

सर्वेक्षणमा सहभागीमध्ये ४७.५ प्रतिशत जन्मेदेखि नै त्यही ठाउँमा बस्दै आएका थिए। १० वर्ष भन्दा बढी समयदेखि बस्दै आएका ४२.२ प्रतिशत थिए भने ३ वर्ष भन्दा बढी तर १० वर्ष भन्दा कम समय बस्नेहरू ८.३ प्रतिशत थिए। त्यसैगरी ३ वर्ष भन्दा कम समयदेखि सोही ठाउँमा बस्दै आएकाहरूको मात्रा २ प्रतिशत थियो।

सर्वेक्षणमा सहभागी भएकामध्ये सबै भन्दा धेरै व्यापार/व्यवसाय गर्ने/स्वरोजगार थिए जो २१.८८ प्रतिशत थिए। त्यसपछि कृषक १९.९९ प्रतिशत थिए भने गृहिणी १७.१८ प्रतिशत, निजी क्षेत्रमा काम गर्नेहरू ७.८५ प्रतिशत, विद्यार्थी ७.५७ प्रतिशत र रोजगारी नभएकाहरू ५.४ प्रतिशत थिए। सर्वेक्षणमा सहभागीमध्ये सेवानिवृत्त ५.१२ प्रतिशत, श्रमिक ३.८६ प्रतिशत, सरकारी कर्मचारी २.८८ प्रतिशत, समाजसेवा २.५९ प्रतिशत, शिक्षक/शिक्षिका २.५२ प्रतिशत, सवारी चालक १.६१ प्रतिशत, स्वास्थ्यकर्मी ०.७ प्रतिशत, ठेकेदार ०.४९ प्रतिशत र अन्य भन्ने ०.३६ प्रतिशत थिए।

सर्वेक्षणमा सहभागी भएकामध्ये सबै भन्दा धेरै मासिक आम्दानी ३० देखि ५० हजार हुने घर परिवार २६.१६ प्रतिशत थिए। त्यस्तै ५० हजार रुपियाँ भन्दा बढी मासिक आम्दानी हुनेहरू २४.८९ प्रतिशत, २० देखि ३० हजार हुने २०.४८ प्रतिशत, १० देखि २० हजार हुने १६.९७ प्रतिशत र १० हजार भन्दा कम मासिक आम्दानी हुने ७.३६ प्रतिशत थिए। सर्वेक्षणमा सहभागीमध्ये १.९७ प्रतिशतले आफ्नो घर/परिवारको मासिक आम्दानी भन्न चाहेनन् भने २.१७ प्रतिशतले थाहा छैन भन्ने जवाफ दिए।

सर्वेक्षणका क्रममा 'एकदम सहमत', 'सहमत', 'न सहमत न असहमत', 'असहमत' र 'एकदम असहमत' जस्ता बहुविकल्प राखी लाइकर्ट स्केलमा प्रश्नावली सोधिएको थियो। थाहा छैन र भन्न चाहन्न जस्ता विकल्प राखिए पनि यसको सङ्ख्या उल्लेखनीय नभएकाले विश्लेषणका क्रममा जोडेर संयुक्त हिसावले प्रस्तुत गरिएको छ। त्यसैले प्रतिवेदनमा थाहा छैन र भन्न चाहन्न जे शब्दावली प्रयोग गरे पनि त्यसले दुवैको जोडफललाई जनाएको छ। विश्लेषणका क्रममा कतिपय स्थानमा 'एकदम सहमत' र 'सहमत' लाई जोडेर सहमतका रूपमा प्रस्तुत गरिएको छ भने 'असहमत' र 'एकदम असहमत' लाई जोडेर असहमतका रूपमा उल्लेख गरिएको छ।

# मुख्य निष्कर्षहरू

## १. आर्थिक अवसरबारे नागरिकको बुझाइ र प्रणालीगत यथार्थ

### क. विश्वासको सङ्कट

धेरैजसो नागरिक देशको हालको आर्थिक अवस्थालाई लिएर एकदमै निराश छन् । सर्वेक्षणको तथ्याङ्कले यहाँको व्यावसायिक वातावरणमा नागरिकको विश्वास गुमेको प्रष्ट देखाउँछ । ८५.७ प्रतिशत नागरिक देशमा रोजगारीको राम्रो अवसर छ भन्ने कुरामा असहमत छन् भने ६९.३ प्रतिशत नेपालमा उद्यमी वा व्यापारी बन्ने वातावरण सहज छैन भन्नेमा सहमत छन् । यसबाहेक ६२.३ प्रतिशत आफ्नो सिप र ज्ञानअनुसारको रोजगारी र उद्यम गर्न पाएको छु भन्नेमा असहमत छन् । यस्तो चरम निराशाका बाबजुद पनि नागरिकमा व्यक्तिगतरूपमा भविष्यप्रति आशावादी छन् । ५३.३ प्रतिशत उत्तरदाताले आगामी ५ वर्षमा आफ्नो परिवारको आर्थिक अवस्थामा सुधार आउनेमा विश्वस्त रहेको बताए ।

**देशभित्र उद्यमी बन्ने वातावरण सकारात्मक छ ।**

| | सहमत (%) | असहमत (%) | तटस्थ (%) | थाहा छैन (%) | लागु नहुने (%) |
|---|---|---|---|---|---|
| समग्र | १८.१ | ६९.३ | ९.७ | २.९ | - |
| मधेश | १४.७ | ७३.५ | ११.४ | ०.४ | - |
| लुम्बिनी | २०.६ | ६३.४ | ११.१ | ४.९ | - |
| काठमाडौँ | १८.९ | ७१.० | ६.५ | ३.६ | - |

**देशमा रोजगारीको अवसर सकारात्मक छ ।**

| | सहमत (%) | असहमत (%) | तटस्थ (%) | थाहा छैन (%) | लागु नहुने (%) |
|---|---|---|---|---|---|
| समग्र | ७.८ | ८५.७ | ५.६ | ०.९ | - |
| मधेश | ६.३ | ८९.२ | ४.२ | ०.३ | - |
| लुम्बिनी | ६.७ | ८४.९ | ७.४ | १.० | - |
| काठमाडौँ | १०.५ | ८३.१ | ५.३ | १.१ | - |

चित्र १ (क-१) : उद्यमशीलताको वातावरण, रोजगारीका अवसर र सम्भावनाबारे उत्तरदाताको धारणा

देशभित्र आफ्नो सिप, क्षमता र ज्ञानअनुसारको रोजगारी र उद्यम गर्न पाएको छु ।

| | सहमत (%) | असहमत (%) | तटस्थ (%) | थाहा छैन (%) | लागु नहुने (%) |
|---|---|---|---|---|---|
| समग्र | १९.५ | ६२.३ | ११.७ | १.१ | ५.४ |
| मधेश | १२.६ | ६५.७ | १८.३ | ०.२ | ३.२ |
| लुम्बिनी | १८.५ | ५९.३ | १२.६ | १.२ | ८.४ |
| काठमाडौँ | २७.४ | ६२.१ | ४.२ | १.७ | ४.६ |


म र मेरो परिवारको आर्थिक अवस्था आगामी ५ वर्षमा अहिलेको भन्दा राम्रो हुनेछ भन्नेमा विश्वस्त छु ।

| | सहमत (%) | असहमत (%) | तटस्थ (%) | थाहा छैन (%) | लागु नहुने (%) |
|---|---|---|---|---|---|
| समग्र | ५३.३ | २६.७ | १५.५ | ४.५ | - |
| मधेश | ३८.८ | ३६.० | २४.२ | १.० | - |
| लुम्बिनी | ६०.५ | २०.६ | १३.४ | ५.५ | - |
| काठमाडौँ | ६०.४ | २३.४ | ८.८ | ७.४ | - |

चित्र १ (क-२) : उद्यमशीलताको वातावरण, रोजगारीका अवसर र सम्भावनाबारे उत्तरदाताको धारणा

## ख. युवा प्रवासनको यथार्थ

नेपालबाट किन युवा विदेशिँदै छन् भन्ने विषयमा धेरैको एउटै मत छ। ९२ प्रतिशत नागरिक 'स्वदेशमा अवसर नभएरै युवा





चित्र १ (ख) : युवा पलायनबारे उत्तरदाताको धारणा

विदेशिएका हुन्' भन्नेमा सहमत छन् । हुन त ७७.६ प्रतिशत नागरिक युवाहरू विदेशिने यो प्रवृत्तिलाई लिएर असन्तुष्ट छन् तर पनि उनीहरू बाध्यतालाई स्वीकार्छन् । आफ्नो परिवार र आफन्तको भविष्यको कुरा आउँदा ६४ प्रतिशतले नेपालमा भन्दा विदेशमै राम्रो रोजगारी र अवसर देखेको खुलेर स्वीकारेका छन् ।

## ग. अवसरको एकाधिकार


सर्वेक्षणको तथ्याङ्कले नेपालमा क्षमता र योग्यताको कदर हुन्छ भन्नेमा नागरिकको विश्वास निकै कम रहेको देखाउँछ। आर्थिक अवसरको अन्तरको यथार्थ के हो भने यहाँको प्रणाली र अवसरहरू सीमित पहुँचवाला वर्गको पक्षमा निकै अनुकूल छ। 'देशमा कसलाई राम्रो अवसर छ ?' भनेर सोध्दा साधारण नागरिकको पक्षमा जम्मा १.१ प्रतिशत मात्र मत परेको छ। ५८ प्रतिशत उत्तरदाता देशका सबै अवसर राजनीतिक नेतालाई मात्र रहेको विश्वास गर्छन् । त्यसपछि नेतासँग सिधै पहुँच भएका व्यक्तिहरू (१४.४ प्रतिशत) र ठूला व्यापारीहरू (१३.८ प्रतिशत) लाई अवसर भएको उत्तरदाताको विश्वास छ ।




चित्र १ (ग) : देशमा कसलाई राम्रो अवसर छ भन्नेमा उत्तरदाताको तुलनात्मक धारणा

## घ. रोजाइका पेसा

नेपालका प्राज्ञिक संस्थाहरूले जति जनशक्ति उत्पादन गरिरहेका छन्, हाम्रो श्रम बजारले त्यसलाई समेट्न सकेको छैन। नागरिक अब शैक्षिक उपाधि भन्दा हातको सिप (प्राविधिक काम) मा धेरै अवसर देख्न थालेका छन्। २८.१ प्रतिशतले मात्रै उच्च शिक्षा हासिल गरेका व्यक्तिका लागि देशमा राम्रो अवसर छ भन्ने ठान्छन् र केवल १९ प्रतिशतले मात्र कृषिलाई राम्रो पेसा मान्छन्। यसको सट्टा, उनीहरूले व्यावहारिक सिपलाई बढी महत्त्व दिएका छन्। प्राविधिक कामदार (इलेक्ट्रिसियन, प्लम्बर) का लागि सबै भन्दा धेरै (५४.७ प्रतिशत) र त्यसपछि सामाजिक सञ्जालबाट कमाउनेहरू (४३.३ प्रतिशत) र नयाँ प्रविधि (आइटी)/आर्टिफिसियल इन्टेलिजेन्स (एआइ) मा काम गर्नेहरू (४१.० प्रतिशत) लाई अवसर भएको उत्तरदाताको धारणा छ।





चित्र १ (घ) : कुन पेसा/व्यवसायका ब्यक्तिलाई राम्रो अवसर छ भन्ने विषयमा उत्तरदाताको धारणा


## ङ. लगानीको आवश्यकता र रोजगारी सिर्जनाका आधार

स्वदेशमै रोजगारी बढाउन र अर्थतन्त्र सुधार्न नागरिकले औद्योगिकीकरणलाई मुख्य आधार मानेका छन्। ६८.४ प्रतिशतले कृषि क्षेत्रमा लगानी बढाउनुपर्ने बताएका छन्। शिक्षामा ४९.३ प्रतिशत र स्वास्थ्य एवं औषधिमा ४०.१ प्रतिशतले लगानीको आवश्यकता देखेका छन्।

देशभित्र रोजगारीका लागि कुन कुरा महत्त्वपूर्ण छ भनी सोध्दा ६८.० प्रतिशतले ठूला उद्योग र कलकारखाना खोल्नुपर्ने बताए भने ५३.९ प्रतिशतले कृषिको व्यावसायीकरण गर्नुपर्ने र ४५.८ प्रतिशतले देशमा राजनीतिक स्थायित्व हुनुपर्नेमा जोड दिएका छन्।





चित्र १ (ङ-१) : लगानी आवश्यक पर्ने प्रमुख क्षेत्रहरूको विषयमा उत्तरदाताको धारणा




चित्र १ (ङ-२) : रोजगारीका लागि कुन कुरा महत्त्वपुर्ण छ भन्ने विषयमा उत्तरदाताको धारणा

**रोजगारीका लागि महत्त्वपूर्ण आधार**





चित्र १ (ङ-३) : रोजगारीका लागि कुन कुरा महत्त्वपुर्ण छ भन्ने विषयमा उत्तरदाताको धारणा


## च. रोजगारीका बाधक पक्ष

पहुँच हुनेहरूले मात्रै अवसर पाउँछन् भन्ने आमबुझाइलाई यो सर्वेक्षणले सही सावित गरेको छ। ६८ प्रतिशत उत्तरदाताले 'पहुँचको कमी' नै रोजगारीको मुख्य बाधक भएको बताएका छन् । त्यसपछि मात्रै शैक्षिक योग्यता (३९.४ प्रतिशत) वा कामको अनुभवको कमी (३४.९ प्रतिशत) जस्ता कुरालाई रोजगारीको बाधक पक्षका रूपमा बताएका छन् । त्यस्तै ३३.२ प्रतिशतले बिचौलियाहरूको दबदबालाई रोजगारीको मुख्य समस्या मानेका छन् । यस हिसावले कुनै पनि कामका लागि राजनीतिक पहुँच र बिचौलियाको सहारा लिनुपर्ने गहिरो विश्वास नागरिकमा रहेको देखिन्छ ।

**रोजगारीका बाधक पक्ष**




चित्र १ (च-१) : रोजगारी पाउनका लागि बाधक रहेका कुराप्रति उत्तरदाताको धारणा




चित्र १ (च-२) : रोजगारी पाउनका लागि बाधक रहेका कुराप्रति उत्तरदाताको धारणा

# २. मुख्य विरोधाभास : नेपाली अर्थतन्त्रबारे नागरिकको बुझाइमा देखिएको विरोधाभास

नागरिक देशको समग्र अवस्थालाई लिएर एकदमै निराश भए पनि आफ्नो व्यक्तिगत भविष्यलाई लिएर भने आशावादी रहेको गम्भीर विरोधाभास सर्वेक्षणले देखाएको छ। उनीहरू सैद्धान्तिकरूपमा 'युवा विदेशिनु हुन्न' भन्छन् तर व्यवहारमा आफ्नै घरको सदस्य काम गर्न वा पढ्न विदेश गएकामा भने खुसी छन्।

## क. बृहत् निराशावाद र सूक्ष्म आशावाद (राष्ट्रिय स्तर र व्यक्तिगत स्तर)

देशको अवस्था र आफ्नो परिवारको अवस्थालाई हेर्ने नजरमा नागरिकबीच जुन विरोधाभास देखिएको छ त्यो सर्वेक्षणको एउटा रोचक पक्ष हो। राष्ट्रिय स्तरमा हेर्दा नागरिक पूर्णरूपमा निराश देखिन्छन्। ८५.७ प्रतिशतले देशमा रोजगारीको अवसर नभएको बताएका छन् भने ५६.३ प्रतिशतलाई आगामी ५ वर्षमा देशमा रोजगारीको अवसर बढ्छ भन्नेमा विश्वास छैन। ६२.३ प्रतिशतले देशमा आफ्नो सिप, क्षमता र ज्ञानअनुसारको रोजगारी र उद्यम गर्न नपाएको बताएका छन्।

त्यति हुँदाहुँदै पनि ६३.४ प्रतिशत उत्तरदाता आफूले गरिरहेको काम वा पेसाप्रति सन्तुष्ट छन् र ६४.२ प्रतिशतले आफ्नो अहिलेको कमाइले घर खर्च राम्ररी चलिरहेको बताएका छन्। सबै भन्दा महत्त्वपूर्ण कुरा, देशको अवस्था सुध्रनेमा विश्वास नभए पनि ५३.३ प्रतिशत आउँदो ५ वर्षमा आफ्नो परिवारको आर्थिक अवस्था अहिलेको भन्दा राम्रो हुनेमा विश्वस्त छन्।

यसरी राष्ट्रिय स्तरमा निराशा हुँदाहुँदै पनि नागरिक आफ्नो व्यक्तिगत जीवन र परिवारको विषयमा भने सकारात्मक देखिएका छन्। यसको अर्थ नागरिकलाई सरकार र प्रणालीप्रति विश्वास छैन तर आफ्नो पौरख, मेहनत र वैकल्पिक कमाइ (जस्तै- रेमिटेन्स वा अन्य व्यवसाय) को भरमा उनीहरूले जीवन गुजारा गरिरहेका छन्।


तालिका १ : राष्ट्रिय निराशा र व्यक्तिगत आशाबीचको वास्तविकता

| आर्थिक सूचक | राष्ट्रिय दृष्टिकोण (बृहत्) | व्यक्तिगत/पारिवारिक यथार्थ (सूक्ष्म) |
|---|---|---|
| वर्तमान रोजगारीको अवस्था | ७.८% (देशमा रोजगारीको अवसर सकारात्मक छ भन्नेमा सहमत) | ६३.४% (आफ्नो पेसा/व्यवसायमा सन्तुष्ट) |
| अहिलेको आर्थिक पर्याप्तता | १८.१% (देशमा उद्यम गर्ने वातावरण राम्रो छ भन्ने विश्वास) | ६४.२% (आफ्नो कमाइले घर खर्च धान्न पुगेको छ भन्ने भनाइ) |
| आगामी ५ वर्षको भविष्य | २०.१% (देशमा रोजगारीका अवसरहरू बढ्नेछन् भन्ने विश्वास) | ५३.३% (आफ्नो परिवारको आर्थिक अवस्था सुध्रने विश्वास) |

## ख. सैद्धान्तिकरूपमा 'विदेशिनु हुन्न' भन्ने तर व्यवहारमा स्वीकारोक्ति

युवाहरू विदेश गइरहेको विषयमा नागरिकको मनभित्र रहेको गहिरो द्वन्द्वलाई सर्वेक्षणले उजागर गरेको छ। युवाहरू विदेशिएकोप्रति धेरैजसो (७७.६ प्रतिशत) असन्तुष्ट छन्। यसले देशको जनशक्ति रित्तिँदै गएको छ र परिवारहरू छुट्टिन बाध्य भएका छन् भन्ने उनीहरूलाई थाहा छ।

तर जब कुरा 'देशको युवा' बाट 'आफ्नै घरको सदस्य' मा आउँछ तब उनीहरू आदर्श छाडेर यथार्थमा फर्कन्छन्। ६४ प्रतिशतले खुलेरै भनेका छन्- 'मेरो परिवारका लागि देशमा भन्दा विदेशमा रोजगारीको राम्रो अवसर देख्छु।' नागरिक युवालाई विदेशिन बाध्य पार्ने प्रणालीको त विरोध गर्छन् तर व्यक्तिगतरूपमा आफ्ना सन्तानको सुरक्षित आर्थिक भविष्यका लागि उनीहरूलाई विदेश पठाउनै प्रोत्साहन गर्छन्।




**चित्र २ : प्रवासनको वैचारिक मान्यता र व्यावहारिक स्वीकारोक्तिप्रति उत्तरदाताको धारणा**

## ग. कृषिको यथार्थ (देश बनाउने आधार तर कमाइ नहुने पेसा)

कृषिलाई लिएर नागरिकको बुझाइ निकै जटिल छ। एकातिर नागरिक कृषिलाई देशको मुख्य आर्थिक मेरुदण्ड मान्छन् भने अर्कोतिर काम गरेर बाँच्न सबै भन्दा गाह्रो क्षेत्रका रूपमा पनि यसैलाई ठान्छन्।

देशको अर्थतन्त्र सुधार्न 'कुन क्षेत्रमा लगानीको आवश्यकता छ ?' भनेर सोध्दा ६८.४ प्रतिशतले कृषिको नाम लिए। त्यस्तै ५३.९ प्रतिशतले रोजगारीका लागि कृषिको व्यावसायीकरण महत्त्वपूर्ण रहेको बताए। नेपालको दिगो समृद्धिको इन्जिन (मुख्य आधार) भूमि नै हो भन्ने कुरा नागरिकले प्रष्टरूपमा बुझेका छन्।

तर व्यवहारमा अहिले कृषि पेसा अङ्गाल्नु भनेको दुःख पाउनु मात्रै हो भन्ने आमबुझाई छ। 'देशमा कुन पेसा/व्यवसायका व्यक्तिलाई राम्रो अवसर छ ? भनी सोध्दा कृषक सबै भन्दा पुछारमा (१९ प्रतिशत) परे। नागरिक प्राविधिक काम वा सामाजिक सञ्जालको कमाइलाई राम्रो मान्छन् तर खेतीपातीलाई मान्दैनन्। आधुनिक र व्यावसायिक कृषिले देश बन्छ तर सरकारको सहयोगबिना अहिलेकै भरमा खेतीपाती गरेर गुजारा चल्दैन भन्ने कुरा आमनागरिकले स्पष्टसँग बुझेका छन्।

**तालिका २ : कृषिको यथार्थ (सम्भावना र वर्तमान अवस्थाको विरोधाभास)**

| दृष्टिकोण | सूचक/क्षेत्र | जनसहमति (%) |
|---|---|---|
| बृहत् आर्थिक अपेक्षा | तत्काल राष्ट्रिय लगानी चाहिने पहिलो क्षेत्र 'कृषि' हो। | ६८.४ |
| संरचनागत समाधानको उपाय | देशभित्र रोजगारीका लागि महत्त्वपूर्ण आधार 'कृषिको व्यावसायीकरण' हो। | ५३.९ |
| सूक्ष्म आर्थिक वास्तविकता | देशमा अहिले किसानलाई राम्रो अवसर छ। | १९ (सबै भन्दा पुछारमा) |

# ३. प्रदेशबीचको तुलना : फरक-फरक यथार्थ


मधेश प्रदेश, लुम्बिनी प्रदेश र काठमाडौँ उपत्यकाका नागरिकले भोगिरहेको आर्थिक अवस्था र समस्याहरू बिल्कुलै फरक छन् भन्ने कुरा सर्वेक्षणले देखाएको छ ।

## क. आर्थिक सन्तुष्टि र भविष्यप्रतिको आशा

**काठमाडौँ उपत्यका (उच्च सन्तुष्टि)** : काठमाडौँका नागरिक तुलनात्मकरूपमा बढी सन्तुष्ट छन् । यहाँका ७७.३ प्रतिशतले आफ्नो कमाइले खर्च धानिरहेको बताएका छन् भने ७१.२ प्रतिशतले आफ्नो हालको पेसा/व्यवसायप्रति सन्तुष्टि जनाएका छन् । २७.४ प्रतिशतले आफ्नो सिप, क्षमता र ज्ञानअनुसारकै काम पाएको बताए जुन मधेशको भन्दा दोब्बर बढी हो ।

**मधेश प्रदेश (गहिरो निराशा)** : मधेशका नागरिकमा सबै भन्दा बढी असन्तुष्टि छ । यहाँ केवल ५५.१ प्रतिशतले मात्र आफ्नो आम्दानीले घर खर्च धान्ने बताएका छन् भने ५५.६ प्रतिशत मात्रै आफ्नो पेसा/व्यवसायप्रति सन्तुष्ट छन् ।

**लुम्बिनी प्रदेश (आशावादी-बीचको अवस्था)** : लुम्बिनीको अवस्था काठमाडौँ र मधेशको बीचमा छ । आम्दानी र सन्तुष्टिको हिसाबले बीचमा भए पनि भविष्यप्रतिको आशामा भने लुम्बिनी प्रदेश काठमाडौँ उपत्यका जस्तै सकारात्मक छ । यहाँका ६०.५ प्रतिशत आगामी ५ वर्षमा आफ्नो परिवारको अवस्था सुध्रने विश्वास राख्छन् ।




चित्र ३ (क) : प्रदेशअनुसार आर्थिक सन्तुष्टि र भविष्यको आशाप्रति उत्तरदाताको धारणा


## ख. विदेशिने दबाब र स्थानीय अवसर

नागरिक अवसरको खोजीमा देशमै बस्छन् कि विदेश जान्छन् भन्ने कुरा उनीहरू कुन ठाउँमा बस्छन् भन्नेले पनि फरक पार्छ।

**मधेश (विदेश जानुको विकल्प छैन) :** मधेशका अधिकांश उत्तरदाता अवसरको खोजीमा देश बाहिर नै नजर लगाइरहेका छन्। ७८.९ प्रतिशतले आफ्नो परिवारका लागि विदेशमै राम्रो अवसर देख्छन् भने ५३ प्रतिशतले सबै भन्दा बढी अवसर पाइने ठाउँ नै विदेश हो भनेका छन्।

**काठमाडौँ (स्थानीय स्तरमै आशा) :** काठमाडौँका उल्लेख्य नागरिक (२३.८ प्रतिशत) अझै पनि सबै भन्दा राम्रो अवसर काठमाडौँमै छ भन्ने विश्वास गर्छन्। उनीहरू मधेशको तुलनामा विदेशमा धेरै कम निर्भर छन्।

**लुम्बिनी (विदेशिने प्रवृत्तिको विरोध) :** लुम्बिनीका नागरिक विदेशिने कुराको सबै भन्दा धेरै विरोध गर्छन्। ८०.७ प्रतिशत नागरिक युवा पलायनको प्रवृत्तिप्रति असन्तुष्ट छन् र विदेशमा अवसर देख्नेहरूको सङ्ख्या पनि (५४.४ प्रतिशत) अन्य २ क्षेत्र (मधेश प्रदेश र काठमाडौँ उपत्यका) को तुलनामा कम छ।




चित्र ३ (ख) : अवसरको स्थान र प्रवासनको दबाबप्रति उत्तरदाताको धारणा


## ग. लगानीको प्राथमिकतामा भौगोलिक भिन्नता

ठाउँअनुसार नागरिकको आर्थिक आवश्यकता र भविष्यको सोचाइ पनि फरक-फरक रहेको सर्वेक्षणले देखाएको छ।

**मधेश (कृषि तथा व्यापारिक परनिर्भरता)** : लगानी प्राथमिकताले मधेशमा अहिले पनि आधारभूत आर्थिक समस्या रहेको देखाउँछ। त्यसैले त्यहाँका ७८.९ प्रतिशत उत्तरदाताले कृषिमा र ५२ प्रतिशतले व्यापारमा लगानी गर्नुपर्ने कुरामा जोड दिएका छन्। धेरै कमले मात्रै प्रविधि वा डिजिटल अर्थतन्त्रको कुरा गरेका छन्, केवल २.३ प्रतिशतले मात्र प्रविधिमा लगानी गर्नुपर्ने कुरालाई प्राथमिकतामा राखेका छन्।

**काठमाडौँ (आधुनिक अर्थतन्त्रको रूपान्तरण)** : काठमाडौँ भने परम्परागत कृषि भन्दा माथि उठेर आधुनिक अर्थतन्त्रमा केन्द्रित छ। यहाँका नागरिक आइटी/एआइ (६१.५ प्रतिशत) र सामाजिक सञ्जालबाट आम्दानी गर्ने (५३.१ प्रतिशत) मा धेरै सम्भावना देख्छन्। त्यसैले उनीहरू पर्यटन (३९.६ प्रतिशत) र प्रविधि (१८.७ प्रतिशत) मा लगानीको आवश्यकता देख्छन्।

**लुम्बिनी (मझौला तथा साना उद्यमको उदय)** : लुम्बिनीले अत्याधिक सन्तुलित आर्थिक चाहना देखाएको छ। लुम्बिनीका उत्तरदाताहरू कृषि (६४.१ प्रतिशत) मा लगानीको आवश्यकतालाई जोड दिन्छन् भने मझौला तथा साना उद्यमहरूमा लगानी बढाउनुपर्छ भन्नेमा मधेश प्रदेश र काठमाडौँ उपत्यकाको तुलनामा सबै भन्दा धेरै (३२.१ प्रतिशत) सहमत छन्।




चित्र ३ (ग) : लगानीको प्राथमिकतामा भौगोलिक भिन्नता (उत्तरदाताको धारणा)


## घ. रोजगारीका संरचनागत बाधाहरू (आधारभूत र प्रणालीगत)

सबै प्रदेशका नागरिकले 'पहुँचको कमी' लाई नै रोजगारी नपाउनुको प्रमुख कारण मानेका छन् तर दोस्रो मुख्य कारण भने ठाउँअनुसार फरक-फरक छ ।

**मधेश (आधारभुत कुरामा बाधा)** : मधेशमा रोजगारी पाउनुमा मुख्य बाधा गरिबी र सामाजिक हैसियत हो । ६६.३ प्रतिशतले आफ्नो कमजोर आर्थिक अवस्थालाई मुख्य बाधक मानेका छन् भने १५.४ प्रतिशतले आफ्नो व्यक्तिगत पहिचान (जात वा समुदाय) कै कारण अवसर नपाएको महसुस गरेका छन् ।

**काठमाडौं ('बिचौलिया' को दबदबा)** : काठमाडौंका नागरिक गरिबी भन्दा पनि भ्रष्ट र पहुँचमा चल्ने प्रणाली (नेटवर्किङ) का आधारमा चल्ने रोजगार बजारको चक्रब्यूहमा फसेका देखिन्छन् । यहाँका ५२.६ प्रतिशतले बिचौलियाको दबदबालाई रोजगारीको मुख्य बाधक मानेका छन् जुन मधेश (२०.४ प्रतिशत) को तुलनामा दोब्बर भन्दा बढी हो ।

**लुम्बिनी (व्यक्तिगत कारण)** : लुम्बिनीमा उत्तरदाताले कमजोर आर्थिक अवस्था (४८.९ प्रतिशत) र कामको अनुभवको कमी (४०.३ प्रतिशत) लाई क्रमशः दोस्रो तहको बाधक पक्ष मानेका छन् ।




चित्र ३ (घ) : रोजगारी पाउनका लागि बाधक रहेका कुराप्रति उत्तरदाताको धारणा


# ४. अवसरको अन्तरसम्बन्ध

'अवसरको समानता' भनेको आफ्नो उमेर, शिक्षा वा जात जे भए पनि मेहनत गरेपछि सबैले अघि बढ्ने मौका पाउनुपर्छ भन्ने मान्यता हो। तर नेपालमा कसरी विभिन्न कुरा (जस्तै- उमेर, शिक्षा, आम्दानी र लैङ्गिक अवस्था) ले अवसर पाउन भूमिका खेलिरहेका छन् भन्ने कुरा यस खण्डले देखाउँछ। र, अन्त्यमा यी सबै कुरा कसरी एउटै समस्या अर्थात् 'पहुँच' सँग गएर जोडिन्छन् भन्ने पनि स्पष्ट हुन्छ।

## क. उमेर : नयाँ पुस्ताको महत्त्वाकाङ्क्षा र वर्तमान पुस्ताको वास्तविकता

सर्वेक्षणले आर्थिक आशावादिता, वर्तमान कार्यसन्तुष्टि र प्रवासन (वैदेशिक रोजगारी) को आवश्यकताका सन्दर्भमा पुस्तागत विभाजन उजागर गरेको छ। उमेर जति कम छ, नागरिक त्यति नै बढी आशावादी रहेका सर्वेक्षणले देखाएको छ। १८ देखि २५ वर्षका युवामध्ये २२.३ प्रतिशतलाई देशमा व्यवसाय गर्ने वातावरण राम्रो छ भन्ने लाग्छ तर ६१ वर्ष भन्दा माथिका भने सबै भन्दा कम (१२.९ प्रतिशत) आशावादी छन्।

नयाँ पुस्ता धेरै आशावादी भए पनि अहिलेको अवस्थामा सन्तुष्ट छैनन्। बरु ६१ वर्ष माथिका उत्तरदाताहरू आफ्नो अहिलेको कामप्रति धेरै (७३.५ प्रतिशत) सन्तुष्ट छन्। धेरै बुझ्ने र महत्त्वाकाङ्क्षी भएकाले नै नयाँ पुस्ता विदेशिन खोजेका देखिन्छ। १८ देखि २५ वर्ष उमेरका ७० प्रतिशत युवा विदेशमै राम्रो अवसर देख्छन् जुन उमेर बढ्दै जाँदा बिस्तारै घट्दै जान्छ।




चित्र ४ (क) : आर्थिक दृष्टिकोणमा पुस्तागत विभाजन (उत्तरदाताको धारणा)


## ख. शैक्षिक योग्यता : शिक्षित वर्गमा देखिएको निराशा

सर्वेक्षणले जति धेरै पढ्यो, नागरिक देशको अवस्थालाई लिएर त्यति नै धेरै निराश भएको विरोधाभासलाई देखाएको छ।

पढ्न नजान्ने (निरक्षर) मध्ये २२.२ प्रतिशतलाई देशमा व्यवसाय गर्ने वातावरण राम्रो छ भन्ने लाग्छ भने स्नातक वा त्यस भन्दा माथि पढेकामध्ये १४ प्रतिशतले मात्र यस्तो भन्छन्।

आफ्नो व्यक्तिगत योग्यताका लागि सबै भन्दा बढी समय र पुँजी लगानी गरी उच्च शिक्षा हासिल गरेका नागरिकले विशेषरूपमा नेपाली व्यावसायिक वातावरणलाई निरुत्साहित गर्नेखालको पाएका छन् किनभने सामाजिक-राजनीतिक पहुँच र सम्बन्ध (पावर र सोर्सफोर्स) बिना केवल शैक्षिक प्रमाणपत्र मात्र प्रायः पर्याप्त हुँदैन भन्ने उनीहरूले राम्रोसँग बुझेका छन्।

यद्यपि, उच्च शिक्षाले तत्कालको आर्थिक स्थायित्वमा भने ठूलो प्रतिफल दिने गरेको देखिन्छ। निरक्षर उत्तरदातामध्ये केवल ४३.२ प्रतिशतले मात्र आफ्नो आम्दानीले पारिवारिक खर्च धान्ने बताए भने स्नातक वा त्यस भन्दा माथिको शैक्षिक योग्यता भएका ७९.१ प्रतिशत उत्तरदाताले परिवारको कमाइबाट खर्च चलाउन पुग्छ भन्ने बताए। शिक्षित वर्गले परम्परागत कार्यक्षेत्रका सीमाहरूलाई पहिचान गरेका छन् र डिजिटल क्षेत्रलाई एक आशालाग्दो विकल्पका रूपमा हेरेका छन्। स्नातक वा त्यस भन्दा माथि पढेका ६१ प्रतिशत उत्तरदाता आइटी र एआइको क्षेत्रमा उत्कृष्ट अवसरहरू रहेको ठान्छन्।





चित्र ४ (ख) : शैक्षिक योग्यताको प्रभाव (उत्तरदाताको धारणा)

## ग. आम्दानी : भविष्यको आशा जगाउने मुख्य आधार

सर्वेक्षणले वर्तमान मासिक आम्दानी र भविष्यको आर्थिक आशाबीच बलियो एवम् प्रत्यक्ष सकारात्मक सम्बन्ध रहेको देखाएको छ। कमाइ जति राम्रो छ, भविष्यप्रतिको आशा पनि त्यति नै बलियो देखिएको छ। आर्थिक कठिनाइहरूले समग्र प्रणालीप्रति नै गहिरो निराशा पैदा गरे पनि वित्तीय सुरक्षाले भविष्यको आशाका लागि एउटा बलियो आधार दिएको छ।

सबै भन्दा न्यून आय भएका (मासिक १०,००० रुपियाँ भन्दा कम आम्दानी भएका) उत्तरदातामध्ये केवल २१ प्रतिशतले मात्र आफ्नो आम्दानीले पारिवारिक खर्च धान्ने कुरामा सहमति जनाएका छन् र केवल २२.९ प्रतिशतले मात्र आगामी ५ वर्षमा आफ्नो आर्थिक भविष्य सुध्रनेमा विश्वास व्यक्त गरेका छन्। यसको विपरीत, सबै भन्दा बढी कमाउने वर्गमा सन्तुष्टि उच्च देखिन्छ। ५० हजार रुपियाँ भन्दा बढी मासिक आम्दानी हुने ८६.८ प्रतिशत उत्तरदाताहरू आफ्नो कमाइ पर्याप्त भएकोमा सहमत छन् र यो समूहका ६६.२ प्रतिशत उत्तरदाता आफ्नो भविष्यप्रति आशावादी छन्।





**चित्र ४ (ग) : आर्थिक दृष्टिकोणको सूचकका रूपमा आम्दानी (उत्तरदाताको धारणा)**

## घ. लैङ्गिक पक्ष : फरक दृष्टिकोण र विभिन्न अवरोध

सर्वेक्षणमा पुरुष भन्दा महिला देशको उद्यमशील वातावरणप्रति अलि बढी सकारात्मक देखिएका छन्। २४ प्रतिशत महिला देशभित्र उद्यमी बन्ने वातावरण सकारात्मक छ भन्नेमा सहमत छन् भने पुरुषमध्ये जम्मा १२.४ प्रतिशतले मात्र यस्तो बताउँछन्।

यसको मुख्य कारण महिला र पुरुषले भोग्ने समस्या फरक-फरक हुनु हो। पुरुष मुख्यरूपमा प्रणालीगत राजनीतिक संरक्षण/पहुँचका सञ्जालहरू (गेटकिपिङ नेटवर्क) बाट हैरान भएका छन्। पहुँचको कमीलाई रोजगारीका लागि बाधक पक्ष भनी उल्लेख गर्नेमध्ये पुरुष ७१.३ प्रतिशत छन् भने बिचौलियाको दबदबालाई बाधा मान्नेहरू ४२.३ प्रतिशत छन्।

अर्कोतिर, महिलालाई देशको प्रणाली भन्दा पनि आफ्नै घर/व्यवहार र पढाइको कमीले पिरोलेको छ। घरायसी परिस्थिति (घर र परिवारको रेखदेख) लाई रोजगारीको बाधक पक्ष मान्ने महिला २०.४ प्रतिशत छन् जबकि यसो भन्ने पुरुष झण्डै आधाले कम छन्। त्यस्तै शैक्षिक योग्यतालाई मुख्य बाधक मान्नेमध्ये ४२ प्रतिशत महिला छन् भने यसो भन्ने पुरुषको सङ्ख्या यस भन्दा कम छ।




चित्र ४ (घ) : लैङ्गिक पक्ष : फरक दृष्टिकोण र विभिन्न अवरोध

# ५. 'पहुँच' को अन्तरसम्बन्ध

यो विश्लेषणले विभिन्न समूहका धारणालाई छुट्टाछुट्टैरूपमा हेरे पनि समग्र निष्कर्षले नेपालको अर्थतन्त्रमा योग्यता भन्दा राजनीतिक पहुँच बढी महत्त्वपूर्ण हुनुले एउटा गहिरो समस्या उजागर गरेको छ। ।

एक गतिशील वा सबल अर्थतन्त्रमा युवा हुनु, उच्च शिक्षित हुनु र शहरी क्षेत्रमा बस्नु जस्ता जनसाङ्ख्यिक विशेषताहरूको आपसी मिलनले आदर्शरूपमा उच्च आर्थिक गतिशीलताको ग्यारेन्टी गर्नुपर्ने हो। यद्यपि, सर्वेक्षणले भने नेपालमा यस्ता जनसाङ्ख्यिक लाभहरू प्रणालीगत अवरोध (सिस्टमिक गेटकिपिङ) का कारण निष्क्रिय वा अर्थहीन बन्न पुग्छन् भन्ने देखाएको छ।

उत्तरदाता काठमाडौँको उच्च शिक्षित युवा होस् या मधेशको निरक्षर कृषक, उनीहरूले सामना गर्ने बृहत् अवरोध (म्याक्रो-ब्यारियर) एउटै हो। ६८ प्रतिशत उत्तरदाताले शिक्षा, अनुभव र भूगोल जस्ता पक्षलाई थाती राख्दै 'पहुँचको कमी' लाई नै रोजगारीको प्रमुख बाधाका रूपमा उल्लेख गरेका छन्।

**तालिका ३ : जनसाङ्ख्यिक अवयव र 'पहुँच' को अन्तरसम्बन्ध**

| जनसाङ्खिकीय अन्तरसम्बन्ध | विशिष्ट सूक्ष्म-अवरोध (व्यक्तिगत बाधा) | सामना गर्न'परेको प्रमुख प्रणालीगत अवरोध | आर्थिक यथार्थ |
|---|---|---|---|
| युवा + उच्च शिक्षित + काठमाडौँ | अत्यधिक प्रतिस्पर्धात्मक र प्रविधि-केन्द्रित रोजगार बजारमा सङ्घर्ष गर्नुपर्ने अवस्था। | प्रशासनिक अवरोध : ६८.२ प्रतिशतले राजनीतिक पहुँचको अभाव सामना गर्छन्। ५२.६ प्रतिशतलाई बिचौलियाले रोक्छन्। | यस समूहका ८१.२ प्रतिशत युवा राजनीतिक नेताहरूले अवसरहरू आफ्नो कब्जामा राख्ने विश्वास गर्छन् जसले उनीहरूको शैक्षिक लाभलाई निष्क्रिय बनाइदिन्छ। |
| उमेर पुगेका (पाका) + मधेश | आधारभूत गरिबी : ६६.३% उत्तरदाताहरू चरम आर्थिक अभावका कारण अगाडि बढ्न सकेका छैनन्। | आधारभूत अवरोध : ६४.४ प्रतिशतले राजनीतिक पहुँचको कमी सामना गर्छन्। | ८६.१ प्रतिशत उत्तरदाताहरू राजनीतिक नेताहरूले अवसरहरू कब्जा गर्ने कुरामा विश्वास गर्छन् जसले गर्दा उनीहरू जीविकोपार्जनका लागि परम्परागत साधनमै निर्भर हुन बाध्य छन्। |
| जेन-जी + न्यून शिक्षा + लुम्बिनी | सञ्जाल (नेटवर्क) को अभावः आफ्नो उच्च उद्यमशीलताको उत्साह (२०.६ प्रतिशत) लाई व्यवहारमा उतार्न आवश्यक पुँजी अभाव छ। | पहुँचको कमी : ७१.२ प्रतिशतले पहुँचको कमीलाई रोजगारीका लागि आफ्नो प्रमुख अवरोधका रूपमा सामना गर्छन्। | ७७.७ प्रतिशत उत्तरदाताहरू राजनीतिक नेताहरूले अर्थतन्त्र नियन्त्रणमा राख्ने विश्वास गर्छन् जसले गर्दा उनीहरू वैदेशिक रोजगारीको बाटो रोज्न बाध्य छन्। |

सर्वेक्षणमा उल्लिखित बहुचरीय तथ्याङ्क (मल्टिभेरिएट डेटा) ले 'अवसरको समानता' हाल नेपालमा केवल एक सैद्धान्तिक अवधारणा मात्र हो भन्ने कुरालाई अकाट्यरूपमा प्रमाणित गरेको छ। जबसम्म आर्थिक सफलता निर्धारण गर्नका लागि व्यक्तिगत प्रयास र शिक्षा जस्ता चरहरू (भ्यारिएबल्स) ले राजनीतिक पहुँच र नातावाद जस्ता चरहरू भन्दा बढी साङ्ख्यिक भार (वेटेज) राख्दैनन् तबसम्म दिगो आन्तरिक समृद्धि अप्राप्य नै रहनेछ। अर्थात् जबसम्म देशमा 'पहुँच र सम्बन्ध' भन्दा व्यक्तिको मेहनत र क्षमताको कदर हुँदैन तबसम्म देशको आर्थिक समृद्धि असम्भव छ।

# निष्कर्ष

प्रस्तुत सर्वेक्षणले नेपालको आर्थिक अवसरको अवस्था, प्रमुख चुनौती र अवसरको उपलब्धतामा देखिएका जटिल यथार्थहरूलाई उजागर गरेको छ। एकातिर ९२ प्रतिशत नागरिकमा देशमा अवसर नभएकै कारण युवाहरू विदेशिएका हुन् भन्ने बलियो सामूहिक धारणा स्थापित छ भने अर्कोतिर उपलब्ध सीमित अवसरहरूको वितरणमा पनि चरम असन्तुलन र 'पहुँचवाला' हरूको दबदबा रहेको अनुभूति देखिन्छ। यो अवस्थाले के स्पष्ट पार्छ भने नेपालको समस्या केवल अवसरको अभाव मात्र होइन, बरु विद्यमान अवसरहरूमा आमनागरिकको न्यायोचित पहुँच नहुनु पनि हो। विशेषगरी मधेस, लुम्बिनी र काठमाडौँ उपत्यकाबीचको भौगोलिक असमानताले विकासको केन्द्रीकृत स्वरूप र प्रादेशिक आवश्यकताको भिन्नतालाई प्रष्ट्याएको छ जहाँ मधेश प्रदेशमा अवसरप्रति देखिएको उच्च निराशा र काठमाडौँ उपत्यकामा प्रविधिप्रतिको आकर्षणले दुई फरक आर्थिक यथार्थलाई चित्रण गर्दछन्।

यस परिदृश्यमा 'अवसरको समानता' (इक्विलिटी अफ अपरचुनिटी) को अवधारणा र व्यावहारिक यथार्थताबीच ठूलो खाडल देखिएको छ। आधुनिक अर्थशास्त्रले व्यक्तिको सफलता उसको व्यक्तिगत क्षमता र परिश्रममा आधारित हुनुपर्ने वकालत गरे तापनि यस सर्वेक्षणमा केवल २ प्रतिशत नागरिकले मात्र सामान्य व्यक्तिले अवसर पाउने कुरामा विश्वास व्यक्त गर्नुले प्रणालीगत विभेदलाई सङ्केत गर्छ। जब ८१.७ प्रतिशत नागरिकले अवसर केवल राजनीतिक नेता र ६८ प्रतिशतले पहुँचवालाका लागि मात्र सुरक्षित देख्छन् तब 'अवसरको समानता' को अवधारणा केवल सैद्धान्तिक बहसमा सीमित हुन पुग्छ र आमनागरिकको राज्यप्रतिको सामाजिक सम्झौता (सोसल कन्ट्र्याक्ट) कमजोर बन्न जान्छ। यसले के पुष्टि गर्छ भने जबसम्म राजनीतिक पहुँच र शक्तिले आर्थिक लाभको निर्धारण गर्छ तबसम्म योग्यता र सिप भएका सर्वसाधारण नागरिक आर्थिक मूलप्रवाहीकरणबाट बाहिरै रहिरहने जोखिम रहन्छ।

समग्रमा, सर्वेक्षणले व्यावसायिक आत्मविश्वासमा सङ्कट देखाए तापनि भविष्यप्रतिको आशावादलाई भने सकारात्मक ऊर्जाका रूपमा लिन सकिन्छ। वर्तमानमा रोजगारीको अवसरलाई सकारात्मकरूपमा लिनेको तुलनामा आगामी ५ वर्षमा सुधार हुने अपेक्षा राख्नेहरूको सङ्ख्या झण्डै ३ गुणाले बढी हुनुले नयाँ नीतिगत सुधार र नेतृत्वप्रति नागरिकको मौन भरोसा दर्साउँछ। नागरिकले कृषि र ठूला उद्योगमा देखेको लगानीको आवश्यकता र आइटी/एआइ जस्ता क्षेत्रमा देखेको सम्भावनालाई नीतिगतरूपमा सम्बोधन गर्न सकेमा मात्र सम्भावित 'रिभर्स माइग्रेसन' को जोखिमलाई थेग्न सकिनेछ। अतः नीति निर्माताहरूले केवल तथ्याङ्कमा आधारित आर्थिक वृद्धिलाई मात्र नहेरी नागरिकको 'अनुभूति' र 'समान पहुँच' लाई केन्द्रमा राखी समावेशी संस्थाहरू निर्माणमा जोड दिनु आजको आवश्यकता हो।

नेपालको समस्या केवल अवसरको अभाव मात्र होइन, बरु विद्यमान अवसरहरूमा आमनागरिकको न्यायोचित पहुँच नहुनु पनि हो ।

• • •

जबसम्म राजनीतिक पहुँच र शक्तिले आर्थिक लाभको निर्धारण गर्छ तबसम्म योग्यता र सिप भएका सर्वसाधारण नागरिक आर्थिक मूलप्रवाहीकरणबाट बाहिरै रहिरहने जोखिम रहन्छ ।

• • •

नीति निर्माताहरूले केवल तथ्याङ्कमा आधारित आर्थिक वृद्धिलाई मात्र नहेरी नागरिकको ‘अनुभूति’ र ‘समान पहुँच’ लाई केन्द्रमा राखी समावेशी संस्थाहरू निर्माणमा जोड दिनु आजको आवश्यकता हो ।

PURAK ASIA

७७ कुँवर मार्ग, काठमाडौँ-३१, नेपाल
☎ ९७७-१-४५६४५९९
info@purakasia.org
www.purakasia.org

**प्रकाशन मिति** : २०८३

DOI: 10.62657/Purak2606a

**आभार**

सर्वेक्षणको तथ्याङ्क संकलनका लागि **डा. जीवन बानियाँ** र **साकार सापकोटा** नेतृत्वको **सोसल साइन्स वहा: टोली** ।

प्रकाशन प्रस्तुती रुपरेखामा सुझाव दिने **शेहनाज बानु** र डिजाइन गर्ने **बिक्रम चन्द्र मजुमदार** ।

विस्तृत प्रतिवेदनको लागि स्क्यान गर्नुहोस्।

यस प्रतिवेदनमा व्यक्त विचार, ब्याख्या र निष्कर्षले पूरक एशियाको संस्थागत धारणालाई प्रतिनिधीत्व नगर्न पनि सक्छ ।